नगर प्रमुख श्री रामबाबु यादवद्वारा प्रस्तुत

# मिति २०७८ असार २० गते सम्पन्न छैठौं नगरसभाका निर्णयहरु

गणेशमान चारनाथ नगरपालिका, बीरेन्द्रबजार, धनुषाको नगर प्रमुख श्री रामबाबु यादवद्धारा यस नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को लागि सम्मानित र गरिमामय छैठौं नगरसभामा प्रस्तुत बार्षिक बजेट नीति तथा कार्यक्रम पश्चात दफावर छलफलबाट पारित निर्णयहरु :

**निर्णय नं. १ :**

लोकतान्त्रिक आन्दोलन तथा मधेश आन्दोलनमा साहदात प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धान्जली व्यक्त गर्ने प्रस्ताव पारित गरियो ।

**निर्णय नं.२ :**

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि पेश भएको नीति तथा कार्यक्रमहरु पारित गरियो ।

**निर्णय नं.३ :**

गणेशमान चारनाथ नगरपालिकाको छैठौं नगरसभामा पेश भएको आर्थिक ऐन, २०७८ र अनुसुचीमा संलग्न कर, दस्तुर तथा सेवा शुल्कका दररेटहरु पारित गरियो ।

**निर्णय नं.४:**

गणेशमान चारनाथ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को संशोधित अनुमान रु. ६१,६७,९३,०००।०० हालसम्मको यथार्थ आय रु.४१,८५,९५,०००।००, हालसम्मको यथार्थ व्यय रु.२९,८५,८७,०००।०० र आगामी आ.व.२०७८/०७९ को अनुमानित बजेट रु.५३,७०,८९,०००।०० (त्रिपन्न करोड सत्तरी लाख उनानब्बे हजार रुपैया मात्र) बराबरको वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

गणेशमान चारनाथ नगरपालिकाको विनियोजन ऐन, २०७८ पारित गरियो ।

**निर्णय नं.६**

गणेशमान चारनाथ नगरपालिकाको छैठौं नगर सभामा पेश भएका देहाय बमोजिमका कार्यविधिहरु, पारित गर्ने निर्णय गरियो ।

(क) गणेशमान चारनाथ नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सन्चालन कार्यविधि, २०७८

(ख) गणेशमान चारनाथ नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सन्चालन कार्यविधि, २०७८

(ग) गणेशमान चारनाथ नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्य सन्चालन कार्यविधि, २०७८

**निर्णय नं. ७:**

महालेखा परीक्षकको कार्यालयवाट आ.व.२०७६/०७७ को आय व्ययको अन्तिम लेखापरीक्षण भई प्राप्त लेखा परीक्षण प्रतिवेदन अनुमोदन गरियो साथै उक्त प्रतिवेदनमा उल्लेखित बेरुजु तदारुकताका साथ फछ्र्यौट गर्न गराउन र अगामी दिनमा चुस्त दुरुस्त, प्रभावकारी, कार्यदक्ष, मितव्ययी औचित्यपूर्ण तरिकाले कामकाज गर्न गराउन नगरपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

आ.व.२०७७/७८ मा गणेशमान चारनाथ नगरपालिकाको कार्यपालिका बैठकबाट भए गरेका सम्पूर्ण निर्णयहरु नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :**

आ.व.२०७७/७८ मा सम्पन्न हुन नसकेका देहाय बमोजिमका योजनाहरु क्रमागत रुपमा पुन रकम विनियोजित भई आएकोले उक्त योजनाहरुको कार्यसम्पन्न गर्न हेतु आ.व.२०७८/०७९ को पौष मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।